# अग्नि बीमालेख

यस बीमालेखले समावेश गरेको जोखिमबाट तालिकामा उल्लेखित सम्पत्तिमा हुने क्षति/हानि नोक्सानी बिरुद्ध बीमा गर्नका लागि ( बीमकको नाम उल्लेख गर्ने) (यस पछि बीमक भनिएको) ले प्रस्ताव प्राप्त गरी बीमालेखमा उल्लेखित जोखिम बहन गर्न (स्वीकार गर्न) तालिकामा उल्लेखित बीमाशुल्क प्राप्त गरेकोले बीमकले यो बीमालेख जारी गरेको छ ।

यस बीमालेखमा संलग्न प्रस्ताव फाराम, बीमालेखको तालिकामा क्रमसंख्या उल्लेख भई संलग्न सम्पुष्टीहरु र बन्देज (वारेन्टी) यस बीमालेखको अभिन्न अंग मानिने छन् ।

## परिच्छेद -१

## क्षति/हानि नोक्सानी

१. देहायको कुनै कारणबाट यस बीमालेखको तालिकामा उल्लेखित सम्पत्तिमा क्षति/हानि नोक्सानी भए बापत बीमकले बीमितलाई क्षतिपूर्ति प्रदान गर्नेछ :-

(क) आगलागी (यस बीमालेखको अपवादमा उल्लेख भएको कारणबाट बाहेक),

(ख) चट्याङ्ग,

(ग) भूकम्प,

(घ) ब्वाइलर (Boiler), तथा वाष्प चाप उत्पादन गर्ने सरसामान (घरेलु ब्वाइलर बाहेक) को विष्फोटन तथा केन्द्रापसारी शक्ति (Centrifugal force) ले हुने विष्फोटन बाहेक अन्य सबै विष्फोटनहरु

२. प्रस्ताव फाराममा बीमितको तर्फबाट गरिएको अनुरोधका आधारमा बीमालेखको तालिकामा उल्लेख गरिएको सम्पुष्टिबाट हटाइएको अवस्थामा बाहेक देहायको कुनै कारणबाट यस बीमालेखको तालिकामा उल्लिखित सम्पत्तिमा क्षति/हानि नोक्सानी भए बापत बीमकले बीमितलाई क्षतिपूर्ति प्रदान गर्नेछ :-

(क) बाढी तथा जलमग्न

(ख) पहिरो, भूस्खलन र नयाँ संरचना निर्माण गर्दा बाहेकको अवस्था भएको जमिन भासिने कार्य

(ग) हुरी वतास तथा आँधि बेहरी (असिना समेत) ।

३. यस बीमालेखको तालिकामा उल्लेखित सम्पत्तिमा देहाय बमोजिम क्षति/हानि नोक्सानी भए बापत बीमकले बीमितलाई क्षतिपूर्ति प्रदान गर्नेछ :-

(क) कुनै प्रयोजनको लागि बालिएको अग्निले आफ्नो क्षेत्र (सीमा) भन्दा बाहिर फैलिएर पुऱ्याएको क्षति/हानि नोक्सानी

(ख) यस बीमालेखको अपवादमा उल्लेख भएको कारणबाट बाहेक अन्य कारणबाट भएको आगलागीको समयमा सोको प्रत्यक्ष कारणबाट, धुँवाबाट वा अत्यधिक तापको कारणले गुणस्तर बिग्रिएर वा भौतिक संरचना भत्किएर भएको क्षति

(ग) यस बीमालेखको अपवादमा उल्लेख भएको कारणबाट बाहेक अन्य कारणबाट भएको आगलागी नियन्त्रण गर्दा, पानी वा अन्य अग्नि नियन्त्रणबाट, आगो फैलिनबाट रोक्न गरिएको प्रयास स्वरुप सृजित हानी नोक्सानी, आगलागि फैलावट रोक्न भवनलाई कुनै उपाय स्वरुप अलगाइएमा वा छुट्याइएमा सोबाट सृजित हानी नोक्सानी, आगो लागेको स्थानबाट स्थानान्तरण गर्न मिल्ने सम्पत्ति अन्यत्र सारिएकोमा जोखिम न्यूनिकरणका उपाय प्रयोग गर्दा गर्दै अन्यत्र सारिएको सम्पत्तिमा मौसमको कारणबाट भएको क्षति

(घ) बीमालेखको अपवादमा उल्लेख भएको कारणबाट वाहेक अन्य कारणबाट भएको आगलागी नियन्त्रण गर्नका लागि वारुणयन्त्र वा अन्य अग्नि नियन्त्रक यन्त्रलाई आगलागी भएको स्थानसम्म ल्याउँदा वा लैजाँदा उक्त यन्त्रले सोही बीमितको बीमा गरिएको अन्य सम्पत्तिमा पुऱ्याएको क्षति,

(ङ) भूकम्पको कारणबाट आएको बाढी वा नदी तथा ताल वा पानी जम्मा गरेको पोखरीको पानी उर्लिएर, बाँध फुटेर वा भत्किएर पानी उर्लिई भएको क्षति ।

४. प्रकरण १, २ वा ३ मा उल्लेख भएको कारणबाट यस बीमालेखको तालिकामा उल्लेखित सम्पत्ति क्षतिग्रस्त भई भत्काउनु वा हटाउनु पर्ने भएमा सो सम्पत्ति भत्काउन र हटाउन लाग्ने खर्च बीमाङ्कको ५% वा ५,००,०००।- (पाँच लाख) वा वास्तविक खर्चमध्ये जुन कम हुन्छ सोही रकम बराबर हुनेछ । तर त्यस्तो रकम बीमांकको सीमाभित्र रही भुक्तानी दिइनेछ ।

५. प्रकरण १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस बीमालेखको तालिकामा उल्लेख गरिएको सम्पुष्टिबाट थप गरिएको अवस्थामा वाहेक बीमकले देहायका सम्पत्तिमा भएको क्षति/हानि नोक्सानीको क्षतिपूर्ति दिने छैन :

(क) नासो वा धरौटीमा राखिएको मालसामान

(ख) सुन, चाँदी वा जवाहरात

(ग) रु.५,०००।- भन्दा बढी मूल्यको कुनै कलात्मक वस्तु

(घ) पाण्डुलिपि, योजना, नक्सा तथा ढलाई साँचो

(ङ) ऋण-पत्र, जमानत-पत्र, कुनै किसिमका महत्वपूर्ण कागज-पत्रहरु, टिकट, मुद्रा, कागजी नोट, चेक, लेखा, अन्य कारोबार सम्बन्धी हिसाब किताब, अन्य बहीखाता र कम्प्युटर पद्धतिका अभिलेखहरु, र

(च) विष्फोटक पदार्थ ।

६. यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा भने तल लेखिए अनुसार हुनेछ :

(क) यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति क्षति/हानि नोक्सानी भएको बेला अन्य बीमालेख अन्तर्गत बीमा भएको वा हुन आउने ठहरिएमा उक्त क्षति/हानि नोक्सानीको क्षतिपूर्ति यस बीमालेख अन्तर्गतको बीमकले दिने छैन । अन्य बीमालेख अन्तर्गत व्यहोरिने रकमभन्दा बढी रकमको क्षति/हानि नोक्सानी भएको रहेछ भने सो नपुग रकमसम्मको मात्र क्षतिपूर्ति यस बीमालेख अन्तर्गत बीमकले दिनेछ ।

(ख) बीमित वा अरु कुनै व्यक्तिले यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्तिको यस बीमालेखले रक्षावरण गर्ने जोखिमको विरुद्धमा अन्यत्र पनि बीमा गराएको रहेछ भने बीमकले सो सम्पत्तिको क्षति/हानि नोक्सानीको समानुपातिक क्षतिपूर्ति दिनेछ ।

(ग) यस बीमालेख अन्तर्गत रक्षावरण गरेको जोखिमबाट बीमा गरिएको सम्पत्तिको क्षति/हानि-नोक्सानी हुँदाको बजार मूल्य सोहि सम्पत्तिको बीमाङ्कभन्दा बढी भएमा बीमकको दायित्व बीमाङ्क र बजार मूल्यको समानुपातिक मूल्य बराबर हुनेछ अर्थात औशत शर्त (Average clause) लागू हुनेछ । बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति क्षति हुदांको बखतको मूल्य सामुहिक रुपमा बीमा गरिएको मुल्य भन्दा बढि हुन आएमा सो बढि रकमको लागि बीमित स्वयं बीमक मानी तदनुसार बढि परेको रकमको क्षतिपुर्ति दामासाहीले ब्यहोर्ने छ । बीमा गरिएको सम्पत्ति एक भन्दा बढि रहेछ भने प्रत्येक सम्पत्ति यो शर्तको अधिनमा रहने छ ।

तर यस अन्तर्गत बीमा गरिएको प्रत्येक सम्पत्तिको बीमांक हानी नोक्सानी भएको बखतमा सामुहिक मुल्यको ८५ प्रतिशत भन्दा बढी भएमा यो शर्त लागु हुने छैन ।

७. यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस बीमालेख अन्तर्गत बीमकले प्रदान गर्ने क्षतिपूर्ति रकम बीमाङ्क भन्दा बढि हुने छैन ।

## परिच्छेद -२

## परिभाषा

**यस बीमालेखमा यी वाक्यांशहरुको प्रयोग जसरी भएको भए तापनि तिनको परिभाषा देहाय अनुसार हुनेछ :**

१. **आगलागी वा अग्निबाट भएको क्षति/हानि नोक्सानी** : "आगलागी वा अग्निबाट भएको क्षति/हानि नोक्सानी" भन्नाले दुर्घटनाबश ज्वाला प्रस्फुटित भई उत्पन्न भएको आगलागी वा अग्निबाट भएको क्षति/हानि नोक्सानी सम्झनु पर्दछ तर कुनै प्रयोजनको लागि बालिएको र आफ्नै सीमाभित्र रहेको आगोलाई यस बीमालेखको प्रयोजनको लागि आगलागी वा अग्नि मानिने छैन ।

२. **चट्याङ्गबाट भएको क्षति/हानि नोक्सानी** : "चट्याङ्गबाट भएको क्षति/हानि नोक्सानी" भन्नाले चट्याङ्ग परेर वा बिजुली चम्किएर भएको आगलागी वा बाहिरबाट स्पष्ट देखिने भौतिक क्षति/हानि नोक्सानी सम्झनु पर्दछ । तर, चट्याङ्ग परेको वा बिजुली चम्किएको कारणले उत्पन्न भएको उच्च भोल्टेजबाट विद्युतीय उपकरण वा इलेक्ट्रोनिक उपकरणमा पुगेको आन्तरिक क्षति/हानि नोक्सानी मात्रलाई चट्याङ्गबाट भएको क्षति/हानि नोक्सानी मानिने छैन । तथापि उक्त उपकरणबाट भएको क्षति/हानि नोक्सानीको भने क्षतिपूर्ति प्रदान गरिने छ ।

३. **घरेलु उपकरणको विस्फोटनबाट भएको क्षति/हानि नोक्सानी** : "घरेलु उपकरणको विस्फोटनबाट भएको क्षति/हानि नोक्सानी" भन्नाले व्यापारिक तथा औद्योगिक प्रयोजनको लागि नभई घरायसी उपयोगको लागि राखिएको, भण्डारण गरिएको वा जडान गरिएको घरेलु उपकरणको आन्तरिक वा वाह्य विस्फोटनको कारणबाट भएको आगलागी वा अन्य कुनै भौतिक क्षति/हानि नोक्सानी सम्झनु पर्दछ ।

४. **भूकम्पबाट भएको क्षति/हानि नोक्सानी** : "भूकम्पबाट भएको क्षति/हानि नोक्सानी" भन्नाले भूकम्पको कारणबाट हुने आगलागी र अन्य भौतिक क्षति/हानि नोक्सानी सम्झनु पर्दछ र सो शब्दले भूकम्पको कारणबाट आएको बाढी वा नदी तथा ताल वा पानी जम्मा गरेको पोखरीको पानी उर्लिएर, बाँध फुटेर वा भत्किएर पानी उर्लिई भएको क्षति समेतलाई जनाउनेछ ।

५. **हुरी बतास तथा आँधि बेहरीबाट भएको क्षति/हानि नोक्सानी** : "हुरी बतास तथा आँधि बेहरीबाट भएको क्षति/हानि नोक्सानी" भन्नाले सबै प्रकारको, हुरी बतास तथा आँधि बेहरी (असिना समेत) ले पुऱ्याएको भौतिक क्षति/हानि नोक्सानी सम्झनु पर्दछ ।

६. **सम्पुष्टि** : "सम्पुष्टि" भन्नाले बीमालेखको प्रावधानलाई संशोधन गर्न, हटाउन वा थपघट गर्नका लागि बीमालेखको अंगको रुपमा रहने गरी बीमालेखको तालिकामा जनाई बीमकको तर्फबाट सहीछाप गरी जारी भएको थप लिखत सम्झनु पर्दछ ।

७. **जोखिम समूहबाट भएको क्षति/हानि नोक्सानी :** "जोखिम समूहबाट भएको क्षति/हानि नोक्सानी" भन्नाले हुलदंगा, हड्ताल, नागरिक उपद्रव, द्वेषपूर्ण कार्य, आतंकवाद तथा विध्वंशात्मक कार्य जस्ता क्रियाकलापबाट भएको क्षति/हानि नोक्सानी सम्झनु पर्दछ ।

८. **स्वजलनबाट भएको क्षति/हानि नोक्सानी** : "स्वजलनबाट भएको क्षति/हानि-नोक्सानी" भन्नाले अन्यत्रबाट उत्पन्न नभई चाप, ताप, आफ्नो प्रकृति परिवर्तन वा वातावरणीय प्रभावको कारणले वस्तु आफैँबाट स्वतः उत्पन्न भएको आगलागीको कारणले भएको क्षति/हानि नोक्सानी सम्झनु पर्दछ ।

९. **मुलभूत विवरण** : "मुलभूत विवरण" भन्नाले यस बीमालेख अन्तर्गत बीमा हुने सम्पत्ति (बीमाको विषयवस्तु) मा निहित जोखिम तथा त्यस्तो जोखिमको मात्रा विश्लेषण गरी बीमा गर्दा लागू हुने बीमाशुल्क निर्धारण गर्न र बीमकले बीमा प्रस्ताव स्वीकार गर्ने वा नगर्ने निर्णयमा पुग्नमा सघाउ पुऱ्याउने महत्वपूर्ण विवरणहरु सम्झनु पर्दछ ।

१०. **बजार मूल्य** : "बजार मूल्य" भन्नाले यस बीमालेख अन्तर्गत बीमा भएको सम्पत्ति क्षति/हानि नोक्सानी भएको समयमा सो सम्पत्ति निर्माण गर्न वा नयाँ खरिद गर्न लाग्ने मूल्य वा बजार मूल्यमा प्रतिस्थापन गर्न लाग्ने मूल्यबाट प्रचलित दरमा ह्रासकट्टि गरी कायम हुन आउने खुद मूल्य सम्झनु पर्दछ ।

११. **कुनै प्रकारको नाफा समावेश नगरिएको मूल्यः** कुनै पनि सामाग्री तयार गर्दा वा आपूर्ति गर्दा नाफा समावेश नगरिएको मूल्यलाई सम्झनु पर्छ ।

१२. **औसत सर्त** : "औसत सर्त" भन्नाले यस बीमालेख अन्तर्गत बीमा भएको सम्पत्तिको क्षति/हानि नोक्सानी हुँदाको बजार मूल्य भन्दा सोही सम्पत्तिको बीमाङ्क घटी भएको अवस्थामा बीमकले समानुपातिक रुपमा भुक्तानी गर्ने क्षतिपूर्ति रकम सम्झनु पर्दछ । त्यस्तो क्षतिपूर्ति रकम देहाय बमोजिम गणना गरिनेछ :

$$\text{बीमकले प्रदान गर्ने क्षतिपूर्ति} = \frac{\text{क्षति/हानि नोक्सानी भएको सम्पत्तिको बीमाङ्क * वास्तविक क्षति}}{\text{क्षति/हानि नोक्सानी भएको सम्पत्तिको बजार मूल्य}}$$

१३. **बीमाङ्क** : "बीमाङ्क" भन्नाले बीमितले प्रस्ताव फाराममा उल्लेख गरेको आधारमा यस बीमालेखको तालिकामा उल्लेखित बीमा गरिएको सम्पत्तिको मूल्य सम्झनु पर्दछ ।

## परिच्छेद -३

## बीमालेखले नसमेट्ने अवस्थाहरु (अपवाद)

**यस बीमालेख अन्तर्गत देहायको अवस्थामा बीमकले दावी भुक्तानी गर्ने छैन :**

१. अतिरिक्त बीमाशुल्क भुक्तानी गरी यस बीमालेखको अनुसूचीमा उल्लेख गरिएको सम्पुष्टिबाट हटाइएको अवस्थामा बाहेक बीमकले जोखिम समूहबाट भएको क्षति/हानि नोक्सानीको क्षतिपूर्ति

२. अतिरिक्त बीमाशुल्क भुक्तानी गरी यस बीमालेखको अनुसूचीमा उल्लेख गरिएको सम्पुष्टिबाट हटाइएको अवस्थामा वाहेक ग्याँस उत्पादन नगरिने वा ग्याँस कारखाना क्षेत्रभित्र नपर्ने घरमा वत्ती बाल्न, तताउन वा अन्य घरेलु कामको लागि मात्र प्रयोग वा भण्डारण गर्दा ग्याँस तथा घरेलु उपकरण विस्फोटन भई हुन गएको क्षति/हानि नोक्सानी बाहेक अन्य विस्फोटनको कारणबाट भएको कुनै क्षति/हानि नोक्सानी,

३. देहायको अवस्थामा कुनै घटना घट्नु वा क्षति/हानि नोक्सानी हुनु अगावै बीमकको तर्फबाट लिखित समर्थन नगराएमा बीमकले त्यस्तो क्षति/हानि नोक्सानीको क्षतिपूर्ति दिने छैन :-

(क) बन्द व्यापार वा उत्पादन प्रकृयामा परिवर्तन आएमा

(ख) बीमा गरिएको भवन वा बीमा गरिएको सम्पत्ति रहेको भवनको प्रयोगमा परिवर्तन भएमा

(ग) बीमा गरिएको भवन वा बीमा गरिएको सम्पत्ति रहेको भवन ३० दिनभन्दा बढी समय मानिस नबसी खाली रहेमा

(घ) बीमा गरिएको भवन वा सम्पत्ति बीमा गरिएको भनी लेखिएको कुनै भवन वा स्थान बाहेक अन्य भवन वा स्थानमा भएमा वा सारिएमा,

(ङ) प्रचलित कानून बमोजिम उत्तराधिकारमा सरेकोमा बाहेक बीमितबाट अन्य व्यक्ति वा संस्थामा बीमा गरिएको सम्पत्तिको हकहित सरेमा

तर बीमा गरिएको सम्पत्तिको हक हित परिवर्तन वा समाप्त भएको सात (७) दिनभित्र भएको क्षति/हानि नोक्सानीको सम्बन्धमा यो व्यवस्था लागू हुने छैन ।

४. सम्पत्तिको प्रयोगबाट भएको ह्रास (Depreciation),

तर ह्रासको परिणाम स्वरुप यस बीमालेखको तालिकामा उल्लेखित सम्पत्तिमा भएको आगलागीको सम्बन्धमा यो प्रावधान लागु हुने छैन ।

५. यस बीमालेखको परिच्छेद १ मा उल्लेखित कारणबाट भएको क्षति/हानि नोक्सानीको परिणामस्वरुप सिर्जना भएको क्षति/हानि नोक्सानी (Consequential loss)

६. बीमालेखले रक्षावरण गरेको जोखिमबाट बीमा गरिएको सम्पत्ति हानि नोक्सानी भएपछि भएको क्षति हानि-नोक्सानी हुँदा वा त्यसपछि चोरीद्वारा भएको क्षति/हानि नोक्सानी

७. सम्पत्तिको आफ्नै प्रकृति परिवर्तन, प्राकृतिक ताप वा स्वजलन वा कुनै सुकाउने वा तताउने प्रकृयाबाट हुन गएको क्षति/हानि नोक्सानी

तर, प्रकरण ७ मा उल्लिखित कारणबाट उत्पन्न अग्नि फैलिएर यस बीमालेखको तालिकामा उल्लिखित अन्य सम्पत्ति क्षति/हानि नोक्सानी भएमा यो प्रावधान लागू हुने छैन ।

८. भूकम्पको कारणबाट भएको क्षतिमा बीमांकको २.५ प्रतिशत दाबी तर यस्तो अधिक (Excess) रकम रु दश (१०) लाख भन्दा बढी हुने छैन ।

९. निम्नलिखित कारण वा सोको परिणाम स्वरुप भएको क्षति/हानि नोक्सानी :-

क. अधिकार प्राप्त निकायको आदेशानुसार सम्पत्ति जलाइएमा, नष्ट गरिएमा, वा हटाइएमा

ख. ज्वालामुखी वा भूमिगत (पृथ्वीको सतहमुनी) आगलागीबाट भएको क्षति/हानि-नोक्सानी

ग. आणविक हात हतियार वा तत्सम्बन्धी पदार्थको कारणबाट प्रत्यक्ष वा अप्रत्यक्ष भएको क्षति/हानि नोक्सानी,

घ. आणविक विकीरण वा आणविक इन्धन वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियो सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भएको कुनै क्षति/हानि नोक्सानी,

ङ. सैनिक विद्रोह, सैनिक वा शक्ति अपहरण वा जंगी कानुनपालन वा घेराबन्दी स्थितिको घोषणा, युद्ध, आक्रमण, विदेशी शत्रुको कारबाही वा कुनै युद्ध सरहको कारबाही (घोषित वा अघोषित) वा गृहयुद्ध ।

**परिच्छेद -४**

## शर्तहरु

१. यस बीमालेखको कुनै भागमा प्रयोग हुने विशेष अर्थ सहितको शब्द वा वाक्यांशको अर्थ जहाँ जुन अवस्थामा प्रयोग हुन्छ त्यही मान्य हुनेछ ।

२. यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति वा सो सम्पत्ति रहेको कुनै भवन वा स्थानको बारेमा बीमित/प्रस्तावकले आफुलाई जानकारी भएको विषयमा मूलभूत विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम विश्लेषण गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै वस्तुगत तथ्य छूट हुन गएमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी गर्न बीमक बाध्य हुने छैन ।

३. यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्तिहरुमध्ये सबै वा केहीको बीमा भइसकेको वा यो बीमालेख जारी भएपछि गरिएको बीमा सम्बन्धमा बीमितले बीमकलाई सूचना दिनु पर्नेछ । कुनै क्षति/हानि नोक्सानी हुनु अगावै यस्तो सूचना बीमकलाई नदिएमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी गर्न बीमक बाध्य हुने छैन ।

४. बीमा गरिएको सम्पत्तिको जोखिम बृद्धि भएमा वा परिवर्तन भएमा बीमितले बीमकलाई सूचना दिनु  पर्नेछ । कुनै क्षति/हानि नोक्सानी हुनु अगावै यस्तो सूचना बीमकलाई नदिएमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी गर्न बीमक बाध्य हुने छैन ।

५. यस बीमालेख अन्तर्गत बीमा भएको भवन वा सम्पत्तिको सम्बन्धमा देहायको अवस्थामा सो मितिदेखि यो बीमालेख बहाल रहेको मानिने छैन :

(क) जोखिम बृद्धि हुने गरी अलपत्र छोडेमा

(ख) भवन वा सोको कुनै भाग भत्केमा

(ग) यस बीमालेखमा उल्लेख भएको स्थानबाट सम्पत्ति विस्थापित भएमा

तर जोखिम बृद्धि हुने गरी अलपत्र नछोडिएको भवन वा सम्पत्ति तथा नभत्किएको भवन र विस्थापित नभएको सम्पत्तिको सम्बन्धमा यो प्रावधान लागू हुने छैन ।

६. बीमकको तर्फबाट सहीछाप भएको रसिद जारी नभएसम्म बीमाशुल्क भुक्तानी भएको मानिने छैन ।

७. बीमकले बीमितको अन्तिम ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको सात (७) दिनको सूचनाद्वारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस अवस्थामा बीमकले बीमितलाई यो बीमालेख खारेज भएको मितिले बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नेछ ।

८. बीमितको अनुरोधमा कुनै पनि समयमा बीमालेख रद्द गर्न सकिनेछ । यस अवस्थामा बीमालेख कायम रहेको अवधिको निमित्त देहाय बमोजिमको छोटो अवधिको दरले हुन आउने बीमाशुल्क रकम कट्टी गरी बांकी बीमाशुल्क बीमकले फिर्ता गर्नेछ ।

| अवधि | बार्षिक बीमाशुल्कको प्रतिशत |
|---|---|
| (क) एक हप्तासम्म | दश प्रतिशत |
| (ख) एक महिनासम्म | बीस प्रतिशत |
| (ग) दुई महिनासम्म | तीस प्रतिशत |
| (घ) तीन महिनासम्म | चालीस प्रतिशत |
| (ङ) चार महिनासम्म | पचास प्रतिशत |
| (च) पांच महिनासम्म | साठ्ठी प्रतिशत |
| (छ) छ महिनासम्म | सत्तरी प्रतिशत |
| (ज) सात महिनासम्म | अस्सी प्रतिशत |
| (झ) आठ महिनासम्म | नब्बे प्रतिशत |
| (ञ) आठ महिना भन्दा बढिको लागि | सत प्रतिशत |

तर बीमाशुल्क फिर्ता हुने प्रयोजनको लागि बीमालेख कायम रहेको अवधिभर कुनै दाबी नभएको हुनु पर्नेछ ।

९. यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र बजे बीमालेखको अवधि समाप्त हुनेछ ।

१०. बीमकले बीमालेख नवीकरण गर्ने वा नगर्ने कुराको सूचना त्यस्तो बीमालेखको अवधि समाप्त हुनु एक महिना अगावै जारी गर्नु पर्नेछ । नवीकरण सूचनामा, बीमालेख नवीकरण गर्दा लाग्ने बीमाशुल्क गणना तालिका पूर्ण रुपले भरी संलग्न गर्नु पर्नेछ । त्यस्तो नवीकरण सूचना बीमितले प्राप्त नगरेको कारणले बीमकले कुनै दायित्व ब्यहोर्नु पर्ने छैन ।

११. यो बीमालेखका सर्तहरु बमोजिम बीमक वा बीमितलाई दिइने प्रत्येक सूचना तथा अन्य लेखापढी लिखित वा मुद्रित हुनु पर्नेछ ।

१२. यस बीमालेखले वहन गर्ने जोखिमबाट बीमा गरिएको सम्पत्तिको क्षति/हानि नोक्सानी भएमा बीमितले सोको लिखित सूचना अविलम्व बीमकलाई दिनु पर्नेछ र त्यस्तो घटना घटेको तिस (३०) दिनभित्र वा बीमकले थप म्याद दिएकोमा बीमितले सो म्यादभित्र बीमकलाई देहायको कुरा प्रस्तुत गर्नु पर्नेछ :-

(क) यस बीमालेख अन्तर्गत दावी उत्पन्न हुने क्षति/हानि नोक्सानी गराउने घटनाको उत्पत्ति तथा कारण र त्यस्तो घटना घट्दाको परिस्थितिको विवरण

(ख) क्षति/हानि नोक्सानीमा परेका सम्पत्तिको क्षति/हानि नोक्सानी हुँदाको प्रचलित मूल्यको आधारमा कुनै प्रकारको नाफा समावेश नगरिएको मूल्यसहितको विस्तृत विवरण समेतको लिखित दाबी

(ग) दाबीको सत्यता जाहेर गर्ने कागजात तथा दाबीको सम्बन्धमा बीमकलाई आवश्यक पर्ने बयान, योजना, नापनक्सा, बहीखाता, भौचर, प्रतिलिपि, इन्भ्वाइस तथा अन्य कागज-पत्र जस्ता प्रमाण, र

(घ) यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्तिको अन्य बीमा पनि गरिएको भए सोको विवरण ।

यस शर्तको खण्ड (क) देखि (घ) सम्मको प्रावधान पालना नभएसम्म यस बीमालेख अन्तर्गत दावी भुक्तानी गर्न बीमक बाध्य हुने छैन । बिमितले उचित कारण सहित थप म्याद मागेको अवस्थामा बीमकले उचित र आवश्यक म्याद थप गर्नेछ ।

१३. कुनै दावी जालसाजीपूर्ण भएमा वा दावीको सिलसिलामा झुट्टा बयान दिई बीमितले वा निजको तर्फबाट काम गर्ने अधिकार प्राप्त कुनै व्यक्तिले यो बीमालेख अन्तर्गत कुनै अनुचित लाभ उठाउन खोजेमा बीमित यो बीमालेख अन्तर्गतको सबै लाभबाट बञ्चित हुनेछ ।

१४. यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति क्षति/हानि नोक्सानी भएमा बीमकले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) क्षति/हानि नोक्सानी भएको भवन वा हातामा प्रवेश गर्न वा जिम्मा लिन वा आफ्नो कब्जामा लिन

(ख) क्षति/हानि नोक्सानी भएको भवन वा हाताभित्र रहेको बीमितको कुनै सम्पत्ति आफ्नो जिम्मा वा कब्जामा लिन

(ग) क्षति/हानि नोक्सानी भएको सम्पत्ति आफ्नो कब्जामा लिने, जााचबुझ गर्ने, छनौट गर्ने, मिलान गर्ने, हटाउने जस्ता कामहरु गर्न,

(घ) क्षति/हानि नोक्सानी भएको सम्पत्ति आफैले वा सरोकारवालाको तर्फबाट बिक्री गर्न वा किनारा लगाउन ।

१५. बीमकले आफ्नो अधीनमा लिएको वा नलिएको कुनै सम्पत्ति बीमितले त्याग्न पाउने छैन ।

१६. बीमकले आफ्नो रोजाइ अनुसार क्षति/हानि नोक्सानी भएको सम्पत्ति वा त्यसको कुनै अंश बापत मर्मत, बदली वा सट्टा भर्ना दिन वा क्षति/हानि नोक्सानी बराबरको नगद रकम भुक्तानी गर्न सक्नेछ र उक्त काम बीमक आफैंले वा अन्य कम्पनी वा बीमकसंग मिली गर्न सक्नेछ ।

तर बीमकले यस प्रकार बदली वा सट्टा भर्ना गर्दा दुरुस्त मौलिक रुपमा दिन बाध्य हुने छैन र परिस्थिति अनुसार सकभर मनासिब माफिक गर्न सक्नेछ ।

१७. बीमितले यस बीमालेख अन्तर्गत क्षतिपूर्तिको भुक्तानी प्राप्त गर्दा सो क्षति/हानि नोक्सानीको अन्य कुनै पक्षबाट क्षतिपूर्ति प्राप्त गर्न सक्ने रहेछ भने त्यस्तो क्षतिपूर्ति प्राप्त गर्ने अधिकार बीमकलाई सुम्पनु पर्नेछ । बीमकबाट क्षतिपूर्ति पाउनु अगावै वा पछि जुनसुकै बखत पनि बीमकले मनासिव र आवश्यक देखेको काम कारबाही बीमकको खर्चमा बीमितले गर्नु पर्नेछ वा सो गर्न बीमकलाई अनुमति दिनु पर्नेछ ।

१८. यो बीमालेख अन्तर्गत परेको दावी एकिन गर्न आवश्यक प्रमाण जुटाउने दायित्व बीमित वा निजको हकवालाको हुनेछ ।

तर मुद्दा मामिला परेको अवस्थामा वा बीमालेखले नसमेट्ने अवस्थाहरु (अपवाद) परी दावी भुक्तानी गर्न अस्वीकार गर्नु पूर्व बीमकले सोको प्रमाण जुटाउनु पर्ने छ ।

१९. दावी भुक्तानी प्रकृयामा रहेको वा मुल्तवी रहेको अवस्थामा बाहेक क्षति/हानि नोक्सानी भएको मितिले नब्बे (९०) दिन पछि कुनै पनि क्षति/हानि नोक्सानीको क्षतिपूर्ति प्रदान गर्न बीमक बाध्य हुने छैन ।

२०. यस बीमालेख अन्तर्गत बीमा दाबी सम्बन्धी कुनै विवाद उत्पन्न भएमा प्रचलित बीमा ऐन बमोजिम हुनेछ ।

२१. यो बीमालेख अन्तर्गतको दाबी बीमकबाट अस्वीकार भएको नब्बे (९०) दिनभित्र कुनै नालिस उजुर नगरेमा वा बीमा ऐन, २०४९ बमोजिम बीमा समितिले बीमकको पक्षमा निर्णय दिएको कागजात प्राप्त भएको मितिले पैंतीस (३५) दिनभित्र पुनरावेदन अदालतमा नालिस/उजुर नगरेमा बीमित यो बीमालेख अन्तर्गतको सबै लाभबाट बञ्चित हुनेछ ।

## अग्नि बीमालेखको तालिका

| | |
|---|---|
| बीमितको :-<br>नाम थर :<br>ठेगाना :<br>पेशा : | बीमालेख नं. :<br>प्रस्तावकको नाम :<br>बीमा प्रस्ताव भएको मिति :<br>बीमालेख जारी भएको स्थान :<br>मिति :<br>जोखिम वहन गर्न शुरु हुने मिति :<br>समय :<br>बीमा अभिकर्ताको नाम र इजाजत पत्र नम्बर :<br>सम्पर्क नं.: ..................<br>बीमा अवधि : देखि को रातको १२ बजेसम्म |

बीमा योग्य हित रहेको बैंक/वित्तीय संस्थाको विवरण
नाम :
ठेगाना :

बीमितले भाडामा लिई संचालन गरेको भए उक्त भवन वा सम्पत्ति धनीको विवरण:
भवन/सम्पत्ति धनीको नाम :
ठेगाना :
सम्पर्क नं.:

बीमाको विषयवस्तु रहेको स्थान ( एक भन्दा धेरै स्थानमा राखिने भएमा आवश्यकतानुसार संलग्न उल्लेख गर्नु पर्नेछ)
कित्ता नं.:
घर नं. :
टोल :
वडा नं. :
गा.वि.स./नगरपालिका :
जिल्ला :

रसिद नं. :
रसिदको मिति : समय :

**बीमाशुल्क दर**

| **रक्षावरण गरिएका जोखिमहरु** | | **बीमशुल्क दर (रु.)** | **बीमाशुल्क रकम (रु.)** |
|---|---|---|---|
| आगलागी, चट्याङ र घरेलु उपकरण | | | |
| भूकम्प | | | |
| बाढि तथा जलमग्न | | | |
| पहिरो तथा भूस्खलन | | | |
| हुरि वतास तथा आंधि बेहरी | | | |
| अन्य (विवरण खुलाउने) | | | |
| जोखिम समूह विरुद्धको बीमाको | | | |
| अन्य : (खुलाउनुहोस्) | | | |
| क | | | |
| ख | | | |
| ग | | | |
| घ | | | |
| **जम्मा** | | | |
| टिकट | | | |
| मूल्य अभिबृद्धि कर | | | |
| कुल बीमाशुल्क | | | |

**बीमालेखले रक्षावरण गरेको सम्पत्तिको विवरण**

| **सम्पत्ति** | **बीमाशुल्क (रु.)** |
|---|---|
| भवन | |
| सिमाना पर्खाल | |
| मालसामान (धेरै भएमा विवरण संलग्न गर्नुपर्ने) | |
| मेसिनरी (धेरै भएमा विवरण संलग्न गर्नुपर्ने) | |
| अन्य (विवरण खुलाउने) | |
| कुल | |
| भवन भोग चलनको तरिका | |
| भवनको बनौट (तला संख्या-भुइँतल्ला समेत | |

**बीमाशुल्कको हिसाब :** (आवश्यक भए तालिका संलग्न गर्ने)
**संलग्न सम्पुष्टीहरु :**
**बन्देज (warranty) :**

**यस तालिकामा उल्लेख भएको प्रयोगको सीमा उल्लंघन भएमा बीमकले बीमितलाई क्षतिपूर्ति दिनेछैन ।**

बीमक तर्फबाट अधिकार प्राप्त अधिकारीको -
दस्तखत :
नाम थर :
छाप (कार्यालय भए) दर्जा :